# नेपाल पर्वतारोहण संघको
# विधान - २०४७
(संशोधन २०५३/२०५९/२०६३/२०६९/२०७६)

N M A

## नेपाल पर्वतारोहण संघ

पोष्ट बक्स नं. १४३५, नागपोखरी, नक्साल, काठमाण्डौ, नेपाल ।
फोन : ४४३४५२५, ४४३५४४२, फ्याक्स : ९७७-१-४४३४५७८
E-mail : info@nepalmountaineering.org
Website : www.nepalmountaineering.org

# नेपाल पर्वतारोहण संघको
# विधान - २०४७
(संशोधन २०५३/२०५९/२०६३/२०६९/२०७६)

# नेपाल पर्वतारोहण संघ

पोष्ट बक्स नं. १४३५, नागपोखरी, नक्साल, काठमाण्डौ, नेपाल ।
फोन : ४४३४५२५, ४४३५४४२, फ्याक्स : ९७७-१-४४३४५७८
E-mail : info@nepalmountaineering.org
Website : www.nepalmountaineering.org

# नेपाल पर्वतारोहण संघको
# विधान-२०४७
## (पाँचौ संशोधन, २०७६)

### # प्रस्तावना,

विश्वकै अग्ला हिमशिखरहरू मध्ये अधिकांश अग्ला हिमशिखरहरू नेपालमा नै रहेका र यिनै अग्ला हिमालहरूको आरोहण कार्यलाई कीर्तिमानी पेशाको रुपमा आत्मसाथ गर्दै खेलकुद जनित आरोहण गतिविधिहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा अभिरुची जगाउदै यसको श्रीवृद्दि गर्ने, पर्वतारोहण सम्वन्धि सिप र दक्षताको विकास गर्ने, पर्वतारोहण क्षेत्रको पेशागत तथा व्यवसायीक हकहित र अधिकार संरक्षण गर्दै पर्वतीय क्षेत्रको प्राकृतिक सौन्दर्य र वातावरणको संरक्षण गर्ने कार्यमा अग्रसर रहदै विदेशी पर्वतारोही तथा पर्यटकहरूलाई समेत आकर्षित गर्ने उद्देश्यका साथ नेपाल पर्वतारोहण संघ तत्काल प्रचलित संस्था रजिष्ट्रेशन ऐन, २०१६ अर्न्तगत स्थापना तथा परिचालन भै आएको छ। पर्वतीय वातावरणको संरक्षण तथा सम्बर्द्धन, पर्वतीय गतिविधिहरूसंग सम्वन्धित सिप, ज्ञान र सुचनाको संश्लेषण गर्दै विशेषज्ञताको विकास गर्ने, पर्वतारोहण सम्वन्धि कृयाकलापहरूको समन्वय गर्ने, पर्वतारोहण कार्यको सम्वर्धन र अभिवृद्दि गर्ने सम्वन्धित निकायलाई सहयोग र सल्लाह प्रदान गर्नुको साथै आन्तरिक र बाह्य पर्यटनको विकास र अभिवृद्धिको लागि संघलाई अझ बढि सुसंगठित सक्षम सुदृढ र कृयाशिल वनाई नेपाललाई विश्वकै पर्वतारोहण एवं पर्यटकीय गतिविधिमा अग्रणी राष्ट्रको रुपमा स्थापित गर्ने महत्वपूर्ण उद्देश्यका साथ संघको गतिशिलता पारदर्शिता, निष्पक्षता र सामुहिकतालाई अक्षुण्ण राख्दै संघीय गणतन्त्र नेपालको संविधानले व्यवस्था गरेको प्रावधान समेत व्यवस्थापन गर्ने उद्देश्यले केन्द्रीय कार्यसमितिले गठन गरेको विधान संशोधन समितिले पेश गरेको विधान संशोधन सुझाव समेतमा आधारित भएर संघको मिति २०७६।०४।०८ मा वसेको विशेष साधारण सभाबाट पाँचौ संशोधन पारित गरी संस्था दर्ता ऐन २०३४ को अधिनमा रही यो विधान लागु गरिएकोछ।

# परिच्छेद - १
## प्रारम्भिक कथन

१. **नाम, प्रारम्भ र बिस्तार :**

१. यस संघको नाम "नेपाल पर्वतारोहण संघ" अङ्ग्रेजीमा (Nepal Mountaineering Association) सार सङ्क्षेपमा NMA हुनेछ।

२. यो विधानको नाम "नेपाल पर्वतारोहण संघको (# पाँचौं संशोधन, २०७६ सहित) विधान, २०४७" रहनेछ।

३. यो विधान जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट स्वीकृति प्राप्त गरेपछि लागु हुनेछ।

४. यो विधान संघका सदस्यहरूलाई लागु हुनेछ।

५. संघको स्थापनादेखि संघको निरन्तरता कायम भएको मानिनेछ।

**२. परिभाषा :**

***विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :***

क. "संघ" भन्नाले "नेपाल पर्वतारोहण संघ" र # संघ अन्तर्गतका प्रदेश र प्रदेश अन्तर्गतका शाखा कार्यालयहरूलाई समेतलाई सम्झनु पर्छ।

ख. "सदस्य" भन्नाले यस संघका हालसम्म कायम रहेका सबै किसिमका सदस्यहरूलाई सम्झनु पर्छ।

ग. "कार्य समिति" भन्नाले विधान अनुसार गठित केन्द्रीय कार्य समिति र # प्रदेश तथा प्रदेश अन्तर्गत रहेका शाखा कार्यालयको कार्य समिति समेतलाई जनाउँदछ।

घ. "साधारण सभा" भन्नाले विधान अनुसार गठित केन्द्रीय कार्य समिति र प्रदेशको कार्य समिति समेतलाई जनाउँछ।

ङ. "व्यक्ति" भन्नाले सजीव व्यक्ति वा कम्पनी, निगम वा सङ्गठित संस्था (कर्पोरेट बडी) समेतलाई जनाउँछ।

च. "पेसेवर पर्वतारोही" भन्नाले आधार शिविर र आधार शिविरभन्दा माथि गई काम गर्ने सरदार, पथ प्रदर्शक, कुक, किचन ब्वाइ, मेल रनरमा संलग्न भै संघमा दर्ता रहेका व्यक्तिहरू समेतलाई जनाउँछ।

छ. "सौखिन पर्वतारोही" भन्नाले पर्वतारोहण कार्यद्वारा जीवीकोपार्जन नगर्ने पर्वतारोहीलाई जनाउँछ।

ज. "ऐन" भन्नाले तत्काल प्रचलित रहेको संस्था दर्ता ऐनलाई जनाउँछ।

ञ. "विधान" भन्नाले यस नेपाल पर्वतारोहण संघको विधान, २०४७ र समय समयमा भएको संशोधन समेत सम्झनु पर्छ।

ट. "तत्कालीन विधान" भन्नाले नेपाल पर्वतारोहण संघको पहिलेको विधानलाई जनाउँछ।

ट. "पदाधिकारी" भन्नाले यस विधान अन्तर्गत गठित केन्द्रीय वा # प्रदेश कार्य समितिको पदाधिकारीलाई जनाउनेछ।

ठ. "कर्मचारी" भन्नाले संघको सचिवालयमा र संघ अन्तर्गतका कार्यालयहरूमा विभिन्न पदमा रही कार्यरत बेतन लिई काम गर्ने कर्मचारीलाई जनाउने छ।

ड. # "प्रदेश" भन्नाले संघको केन्द्रीय कार्य समितिबाट स्वीकृति प्राप्त भएको "प्रदेश" सम्झनु पर्दछ।

ढ. "नियमावली वा विनियम" भन्नाले यस विधान अन्तर्गत संघको केन्द्रीय कार्य समितिबाट पारित भएको र # प्रदेशको हकमा केन्द्रीय कार्य समितिबाट स्वीकृति लिई लागु भएको संघको "नियमावली" लाई सम्झनु पर्दछ।

ण. "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस विधानको अन्तर्गत बन्ने नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

* त. "स्रोत सदस्य" भन्नाले विधानको धारा ८ ख बमोजिमको सदस्यलाई जनाउनेछ।

# थ. पर्वतारोहण भन्नाले तोकिएको अग्ला हिमश्रृखलाको कुनै निश्चित चुलीमा पुग्ने उद्देश्य लिई कुनै दल वा व्यक्तिले तेस्तो हिमचुलीको आरोहण गर्ने कार्य सम्झनु पर्छ।

## परिच्छेद - २
## नेपाल पर्वतारोहण संघको स्थापना

### ३. संस्थाको स्थापना :

१. नेपाल पर्वतारोहण संघ नामक संस्था पूर्ववत् र अविछिन्न रुपमा स्थापित भएको छ।

२. संघको केन्द्रीय कार्यालय काठमाडौंमा # रहनेछ।

३. संघको आफ्नो छुट्टै छाप हुनेछ।

४. संघ एउटा अवछिन्न उत्तराधिकारवाला सङ्गठित र स्वशासित एवम् मुनाफा रहित सामाजिक संस्था हुनेछ।

५. यो संघले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न, बेचबिखन गर्न,

कानूनद्वारा बन्दोबस्त गर्न गराउन वा अरु किसिमले प्रयोग गर्न सक्नेछ।

६. संघले आफ्नो नामबाट नालिस उजुर गर्न र प्रतिरक्षा गर्न सक्नेछ।

## ४. उद्देश्य :

*(१) *संघका उद्देश्यहरू निम्न बमोजिम हुनेछन् :**

क. पर्वतीय र आरोहण जनित खेलकुदहरूलाई लोकप्रिय बनाउने र यस्ता खेलकुदहरूलाई राष्ट्रिय, क्षेत्रीय एवम् सम्बन्धित निकायको स्वीकृतिमा अन्तराष्ट्रिय स्तरमा आयोजना गर्ने गराउने तथा सहभागी हुने।

ख. पेसेवर पर्वतारोहीहरू र पर्वतारोहण पेसामा लागेका व्यक्तिहरूको हक, हित सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने र उनीहरूको सामाजिक सुरक्षाको सुनिश्चित गर्ने।

ग. नेपाली पर्वतहरू र पर्वतीय क्षेत्रको प्राकृतिक सौन्दर्य र वातावरणको संरक्षण गरी नेपाली हिम शृङ्खलाहरूको विश्व लोकप्रियता बढाउन विभिन्न कार्य गर्ने।

घ. पर्वतारोहण सम्बन्धी क्रियाकलापहरूको संरक्षण, सम्बर्द्धन र समन्वय गर्दै सम्बन्धित निकायलाई सहयोग र सल्लाह प्रदान गर्ने।

ङ. संघले प्राप्त गरेको राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मान्यता एवम् प्रतिष्ठालाई निरन्तरता दिँदै संघको गरिमालाई अक्षुण्ण राख्न क्रियाशील रहने।

च. प्रचलित पर्यटन ऐन तथा त्यस अन्तर्गतको पर्वतारोहण सम्बन्धी नियमावलीले तोकेको कार्य गर्ने।

छ. सम्बन्धित निकायको स्वीकृतिमा पर्वतीय पर्यटन, पर्वतारोहण वा हिमाली वातावरण सम्बन्धी क्षेत्रीय वा अन्तराष्ट्रिय संस्थाहरूसंग समन्वयात्मक मैत्री सम्बन्ध राख्ने र प्रतिनिधि मण्डलहरूको आदान-प्रदान गर्ने र क्षेत्रीय मञ्च स्थापना गर्न नेतृत्व गर्ने, सहभागि हुने।

ज. सम्बन्धित निकायको स्वीकृतिमा कीर्तिमान तथा ख्याति प्राप्त आरोहीहरू, वातावरण विद्हरू, संघसँग आवद्ध रहेका विशिष्ट व्यक्तिहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वयात्मक मैत्री सम्बन्ध राख्ने र प्रतिनिधिमण्डलहरूको आदान-प्रदान गर्ने र क्षेत्रीय मञ्च स्थापना गर्न नेतृत्व गर्ने, सहभागि हुने।

झ. ख्यातिप्राप्त आरोहीहरूलाई नेपालको पर्वतीय पर्यटन विकासका लागि सम्बन्धित निकायको स्वीकृतिमा अन्तर्राष्ट्रिय क्षेत्रमा आरोही कुटनीतिज्ञ तथा ब्रान्ड एम्बेसडरको रुपमा पठाउने व्यवस्था गर्नको लागि प्रयत्नशील रहने।

ञ. आरोहीहरूलाई विभिन्न किसिमको आरोहण सम्बन्धी प्रशिक्षण दिने व्यवस्था गरी

पर्वतारोहण सिप दक्षताको विकास गर्ने ।

ट. हिमाली भेगमा विद्यमान धर्म, संस्कृति, प्राकृतिक तथा जैविक विविधताको संरक्षणको लागि अध्ययन केन्द्रको स्थापना गर्न सम्बन्धित निकायसंग समन्वय गरी कार्य गर्ने, गराउने ।

ठ. संघको कल्याणकारी कोषलाई पेसेवर पर्वतारोही तथा पर्यटन क्षेत्रसंग सम्बन्धित मजदुरहरूको कल्याणको लागि प्रयोग गर्न आवश्यक कार्यक्रम तर्जुमा गर्ने ।

ड. पर्वतीय पर्यटनको विकासको लागि संघलाई छाता सङ्गठनको रुपमा स्थापित गराई संघको मातहतमा प्रदेश र स्थानीय पर्वतीय इकाईहरूको निर्माण गरी संघमा उनीहरूको समेत सहभागिताको अवसरलाई खुला गर्ने ।

ढ. पर्वतारोहण क्षेत्रमा कार्यरत यस संघसँग आवद्ध सम्बन्धित पक्षहरूको आचारणलाई पारदर्शी बनाउन आचार संहिता तयार गरी लागु गराउने ।

ण. माध्यमिक तथा उच्च शिक्षाका पाठ्यक्रममा हिमाली तथा पर्वतीय क्षेत्रको जन जीवन, संस्कृति, आन्तरिक तथा बाह्य पर्यटन, आरोहण, आदिसँग सम्बन्धित विविध जानकारीहरू समावेश तथा अद्यावधिक गर्न सम्बन्धित निकायलाई सहयोग गरी सर्वसाधरणमा पर्वतारोहणप्रति जागरुक गराउने ।

त. हिमाली क्षेत्र तथा पर्यटकीय स्थलहरूलाई केन्द्रित गरी स्थायी र अस्थायी प्रकृतिका # राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्वतीय प्रशिक्षण तथा अध्ययन केन्द्र स्थापना गर्न आवश्यक समन्वय गर्ने ।

थ. उच्च शिक्षा अध्ययनरत इच्छुक विद्यार्थीहरूलाई पर्वतीय पर्यटनसँग सम्बन्धित विषयहरूमा शोध अनुसन्धान तथा प्रयोगात्मक अभ्यासका लागि उत्प्रेरित गर्न आवश्यक कार्यक्रम तर्जुमा गर्ने ।

द. आरोहणका क्रममा मृत्यु भएका आर्थिक रुपले विपन्न आरोहीहरूको बाल-बालिकाको निःशुल्क शिक्षा, स्वास्थ्य तथा पालन पोषणका लागि सरकारी तथा गैर सरकारी क्षेत्रसँग आवश्यक समन्वय गर्ने ।

ध. सम्बन्धित निकायको स्वीकृतिमा उच्च हिम चुचुराहरूको आरोहण सम्बन्धमा समय सापेक्ष शिक्षा, उच्च हिम शिखर आरोहण कला र दक्ष व्यावसायिक तालिम, उद्धार कार्यको प्रशिक्षण जस्ता कार्यका लागि संघलाई क्रियाशील गराउने ।

न. सम्बन्धित निकायको स्वीकृतिमा संघको मातहतमा साधन सम्पन्न गरी हिमालयसँग सूचनाहरूको अभिलेखीकरण तथा पर्वतारोहण सङ्ग्रहालयको स्थापना, व्यवस्थापन र सञ्चालन गर्ने, गराउने ।

प. मौसम तथा आरोहण गतिविधि तथा सूचनाको अद्यावधिक गर्न नेपाल सरकारलाई सहयोग गर्ने ।

फ. राष्ट्रिय प्राकृतिक विपत्तिहरूमा उद्धार सम्बन्धी कार्यहरूको लागि दक्ष आरोहीहरूलाई संलग्न गराउन आवश्यक संरचना निर्माण गरी कार्य गर्ने ।

ब. आफ्नो उद्देश्य पुरा गर्न तथा संघको छवि र गरिमालाई बढाउनका लागि संघले आवश्यक ठानेको क्षेत्र र विषयमा केन्द्रित रही अन्य आवश्यक सामाजिक तथा रचनात्मक कार्य गर्ने गराउने ।

५. चौथो संशोधनबाट हटाईको ।

# परिच्छेद – ३
## * ...सदस्यता

**६. चौथो संशोधनबाट हटाइएको ।**
**७. चौथो संशोधनबाट हटाइएको ।**

८ सदस्यता :

संघको निम्न पाँच प्रकारका सदस्यहरू हुनेछन् ।

क. साधरण सदस्य :

*१. यस बिधानको धारा ९ बमोजिम योग्यता प्राप्त गरेको र १८ बर्ष पुरा भएको नेपाली नागरिकले तोकिएका प्रक्रिया अन्तरगत रही आवेदन गरि सदस्य प्राप्त गरेको ब्यक्ति संघको साधारण सदस्य हुनेछ ।

# २. आठहजार मिटर वा सो भन्दा बढी उचाईको विश्वभरी रहेका कुनैपनि हिमाल चढेका वा नेपाल सरकार वा पर्वतारोहण संघ अन्तर्गत स्वीकृत लिएर कुनैपनि ३ (तीन) हिमचुलीहरू आरोहण गरेको अभिलेख भएका वा अन्तराष्ट्रिय स्तरको पर्वतारोही गाईडको रुपमा मान्यता प्राप्त गरेको नेपाली नागरिकले नियमानुसार आवेदन गरेमा कार्य समितिको निर्णय बमोजिम सदस्यता प्राप्त गर्न छन ।

# ख. श्रोत सदस्य :

श्रोत सदस्य (पदयात्रा तथा आरोहण व्यवसाय संचालन गर्ने संस्था)- : नेपाल राज्यमा विधिवत दर्ता भै प्रमाणपत्र प्राप्त गरी संघबाट आरोहण जारी गरिने हिउँचुलीहरू मध्ये कम्तीमा एक (१) हिउँचुलीहरूको आरोहण व्यवस्थापन गराई सकेका कम्पनीलाई साधारण सदस्य सरह मतदान गर्ने र उमेदवार बन्न पाउने अधिकार हुनेछ। कम्पनीको प्रतिनिधित्व प्रबन्ध निर्देशक बाहेकले गर्नुपर्ने अवस्थामा सो संचालक प्रतिनिधिले हालै प्रमाणित शेयर लगत पेश गर्नुपर्नेछ।

# ग. संस्थागत सदस्य :

पर्वतारोहण, साहसीक पर्यटन, पर्वतीय पर्यटन एवं पर्यावरण संरक्षण सम्बन्धि काम गर्न स्थापित मुनाफा रहित उद्देश्य भएको संघ संस्थाहरू यस संघको संस्थागत सदस्य बन्न सक्नेछन्।
तर यसरी सदस्यता प्राप्त गर्ने संघ संस्थाहरूको प्रतिनिधिहरूले मतदान गर्न तथा उमेदवार बन्ने अधिकार रहने छैन।

घ. आजिवन सदस्य :

१. विधान धारा (८) क. अनुसार संघको साधरण सदस्यता प्राप्त गरिसकेका सदस्यले एकमुस्ट रु. ५०,०००/- प्रदान गरेमा संघको आजिवन सदस्य बन्न सक्नेछ।
२. कार्य समितिले उचित ठहऱ्याएको र एक हजार डलर एकमुस्ट रकम प्रदान गर्ने कुनै विदेशी नागरिक संघको आजीवन सदस्य बन्न सक्ने छ। तर, विदेशी नागरिकलाई मताधिकार प्रयोग गर्ने र निर्वाचनमा उम्मेदवार बन्ने अधिकार हुने छैन।

# ङ. मानार्थ सदस्य :

हिम शिखर आरोहण गरी अन्तर्राष्ट्रिय ख्याती प्राप्त वा संघलाई महत्वपूर्ण योगदान पुऱ्याएका स्वदेशी तथा विदेशी नागरिकहरूलाई संघले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ। तर मानार्थ सदस्यलाई मतदानमा भाग लिने र उमेदवार हुने हक अधिकार रहनेछैन।

९. संघको साधारण सदस्यता प्राप्तिको लागि चाहिने आवश्क योग्यता वा अनुभव देहाय बमोजिम हुनेछ :

"यस संङ्घको साधारण सदस्यको लागि देहाए मध्ये कम्तीमा कुनै एउटा योग्यता पुगेको हुनु पर्ने छ :

१. पर्वतीय पर्यटन क्षेत्रमा निरन्तर कम्तीमा पाँच बर्ष क्रियाशील भएको।

२. राष्ट्रिय जीवनका पेसा/व्यवसायको क्षेत्रमा निरन्तर कम्तीमा पाँच बर्ष क्रियाशील रही प्रतिष्ठा प्राप्त गरी पर्वतीय पर्यटनमा विशेष योगदान पुर्‍याएको।

३. उच्च पर्वतारोहण तालिम पुरा गरी पर्वतीय पर्यटनमा क्रियाशील भएको।

#४. कुनै पनि विषयमा स्नातकोत्तर तह उतीर्ण गरी नेपालको साहसिक पर्वतीय पर्यटन, बातावरण संरक्षण, वन व्यवस्थापन, खोज तथा उद्धार, भूगोल, पर्वतीय इतिहास, जलवायू परिवर्तन आदिको क्षेत्रमा निरन्तर पाँच (५) वर्षदेखि क्रियाशिल रहेको व्यक्ति।

#५. पर्वतीय पर्यटनमा हवाई सेवा (हेलिकप्टर)को माध्यमबाट खोज तथा उद्दार कार्यमा संलग्न सेवा प्रदायक हेलिकप्टर कम्पनीको हकमा १ वर्ष कार्य गरेको २ व्यक्तिको हकमा सो क्षेत्रसँग सम्वन्धित विषयमा शोध, अनुसन्धान पत्रकारिता, श्रव्यदृश्य, पदयात्रा व्यवसाय तथा सूचना प्रविधिको क्षेत्रको विकास प्रवर्धन कार्यमा निरन्तर कम्तीमा ५ बर्ष क्रियाशिल रहेको।

**१०. संघको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था देहाय बमोजिम रहेको छ :**

देहायको अवस्थामा कुनै व्यक्ति संघको साधारण सदस्यताको सदस्य पद प्राप्त गर्न वा बहाल रहन सक्ने छैन।

१. मगज बिग्रेको वा बौलाएको ।
२. सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।
३. नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको ।
४. संघको कार्यमा निजी स्वार्थ भएको ।
५. साहुको दामासाहीमा परेको ।
६. कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको ।

\# ७. यस संघका बहालवाल कर्मचारीहरू संघको साधारण सदस्य कायम रहेको अवस्थामा बहालवाल कर्मचारीहरूको जिम्मेवारी बहन गरेको मिति सम्म संघको चुनावी गतिविधिहरूमा भागलिन पाइने छैन ।

११. **सदस्यताको समाप्ति :**

क. देहायको अवस्थामा कुनै पनि सदस्यको सदस्यता समाप्ति हुनेछ :

१. कुनै सदस्यले संघको अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा र सो कार्य समितिबाट स्वीकृत भएमा ।
२. यस विधानको धारा १० बमोजिमको सदस्य पद प्राप्त गर्न वा बहाल रहन नसक्ने भएमा ।
३. मृत्यु भएमा ।
४. कुनै संस्थागत वा सहयोगी सदस्यको रुपमा रहेको फर्म वा कम्पनी वा संघ संस्थाको कार्य समाप्त भएमा वा कानून बमोजिम विघटना भएमा ।
५. यस विधान बमोजिम संघले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।
६. चौथो संशोधनबाट हटाइएको ।

\# ७. कुनै सदस्यले संघलाई तिर्नं पर्ने वार्षिक सदस्यता शुल्क आर्थिक वर्ष शुरु भएको ६ महिना भित्र (चालु आ. व. को पौष मसान्त भित्र) तोकिएको शुल्क बुझाइ सदस्यता नविकरण गर्नपर्नेछ तर तोकिएको समय भित्र नविकरण नभएको हकमा कार्यसमितिले तोकेको जरिबाना

सहित सदस्यता नविकरण गर्न सकिनेछ । तर संघको कार्यसमितिको निर्वाचन हुने साधारण सभामा सहभागी हुन निर्वाचनको मिति भन्दा ६ महिना पुर्व नविकरण भइसकेको हुनुपर्ने छ ।

८. कुनै सदस्यले संघको हित र स्वार्थ विरुद्ध काम गरेको भनी केन्द्रीय कार्य समिति वा शाखाको कार्य समितिमा प्रमाणित भएमा ।

९. नैतिक पतन सम्बन्धी कुनै फौजदारी मुद्दामा अदालतले दोषी ठहऱ्याएमा ।

१०. अनुशासनहीन कार्य गरेमा वा आचार संहिताको परिपालन नगरेमा ।

# ११. साहासिक तथा पर्वतीय पर्यटन वा पर्वतारोहणको पेशामा गलत आचरण, गैरकानुनी क्रियाकलाप गर्ने गराउने वा अरु कसैलाई गराउनको लागि उक्साउने व्यक्ति वा कम्पनीहरूलाई साधारण सदस्य वा श्रोत सदस्यबाट हटाइनेछ ।

ख. कुनै व्यक्ति संघको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनुभन्दा अघि संघले निजलाई सो कुराको सुचना दिई सफाईको सबुत पेस गर्ने मौका दिइने छ ।

**१२. सदस्यता प्रदान गर्ने विधि :**

१. विधानको धारा ८ बमाजिम साधारण एवम् आजीवन सदस्य बन्न चाहने व्यक्तिले केन्द्रीय कार्य समिति वा संघको शाखा समक्ष अनुसुची-१ बमोजिमको आवेदन दिनु पर्नेछ । त्यस्ता आवेदकलाई केन्द्रीय कार्य समिति वा सम्बन्धित शाखाको कार्य समितिले सदस्यता प्रदान गर्ने निर्णय गरेमा धारा १३ बमाजिमको शुल्क बुझी धारा ८ अनुरुप साधारण वा आजीवन सदस्यता दिइनेछ । त्यसरी सदस्य भएपछि अनुसूची-२ र ३ बमोजिमको प्रमाण पत्र दिइनेछ ।

२. सदस्यताको लागि दिइएको आवेदन स्वीकृत गर्ने नगर्ने अधिकार केन्द्रीय कार्य समिति वा सम्बधित शाखाको कार्य समितिमा निहित हुनेछ ।

३ सदस्यता प्रदान गर्नु अघि पर्न आएका निवेदनहरूको बारेमा आवश्यक छानबिन गर्नुपर्ने देखिएमा केन्द्रीय कार्य समितिको बैठकमा सिफारिस सहित पेस गर्न केन्द्रीय कार्य समिति वा सम्बन्धित प्रदेश र शाखाको कार्य समितिले छुट्टाछुट्टै समिती गठन गर्न सक्नेछ ।

४. शाखाले सदस्यता प्रदान गर्न इन्कार गरेमा सम्बन्धित व्यक्तिले केन्द्रीय कार्य समिति समक्ष उजुरी दिनेछ । सो उजुरीमा शाखाको प्रतिक्रिया समेत लिई केन्द्रीय कार्य समितिले गर्ने निर्णय अन्तिम हुनेछ ।

५. मानार्थ सदस्यता सिफारिस गर्ने अधिकार केन्द्रीय कार्य समितिमा मात्र निहित रहेको छ ।

# ६. यस संघको सदस्यहरूले सदस्यता लिई एक पटक संघको साधारणसभामा सहभागिता जनाएको सदस्यलेमात्र निर्वाचनमा उमेदवार बन्न योग्य हुनेछन् ।

# १३. **सदस्यता शुल्क :**
सदस्यहरूको सदस्यता शुल्क र प्रवेश शुल्क केन्द्रीय कार्यसमितिले तोके बमोजिम हुने छ ।

# १३ **क. पाँचौं संशोधनबाट खारेज गरिएको:**

१४. **सदस्यहरूको काम, कर्तव्य र अधिकार :**
१. संघको उद्देश्य प्राप्तिका लागि सक्रिय र निरन्तर योगदान दिने ।
२. संघको विभिन्न कार्यक्रम र क्रियाकलापमा भाग लिन पाउने ।
३. संघलाई अहित हुने कुनै कार्य नगर्ने ।
४. संघलाई बुझाउनु पर्ने सबै शुल्क समयमा बझाउने ।
५. कार्य समिति वा साधारण सभाले सुम्पेको काम इमान्दारीपूर्वक सम्पन्न गर्ने ।
६. संघको गतिविधि र काम कारवाहीबारे जानकारी लिन पाउने ।
७. संघको विधान अनुरुप हुने निर्वाचनमा भाग लिन पाउने ।
८. अनुशासित हुने र आचार संहिताको पालना गर्ने ।

# परिच्छेद-४
# केन्द्रीय वार्षिक साधारण सभा

१५. **केन्द्रीय वार्षिक साधारण सभा :**

१. केन्द्रीय वार्षिक साधारण सभा यो विधानको अधीनमा रही संघको सर्वोच्च अङ्ग हुनेछ।

२. केन्द्रीय वार्षिक साधारण सभामा देहाय बमोजिमका सदस्यहरू हुनेछन्:

क. केन्द्रीय कार्य समितिका पदाधिकारी र सदस्यहरू।

ख. केन्द्रीय कार्य समितिबाट सदस्यता प्राप्त गरेका सबै साधारण एवं आजीवन सदस्यहरू।

ग. भूतपूर्व केन्द्रीय अध्यक्षहरू सबै पदेन।

घ. धारा ८ को खण्ड (ख) को देहाय बमोजिम श्रोत सदस्यले आफ्नो सञ्चालक मध्यबाट छनोटगरि पठाएको १ जना प्रतिनिधि।

ङ. संस्थागत सदस्यको पदाधिकारी मध्यबाट तोकि पठाएको १ जना प्रतिनिधि।

च. मानार्थ सदस्यहरू।

# ज. प्रदेश कार्यसमितिका पदाधिकारीहरू। तर यस्ता प्रदेशबाट प्रतिनिधित्व गर्ने पदाधिकारीहरूले आर्थिक दायीत्व प्रदेश समिति वा व्यक्ति स्वयंले व्यवस्थापन गर्नु पर्नेछ।

# झ. पाँचौ संशोधनबाट खारेज गरिएको:

# ३. संघको केन्द्रीय साधारण सभा प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र बस्नेछ।

४. केन्द्रीय वार्षिक साधारण सभाका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:

क. केन्द्रीय कार्य समितिद्वारा प्रस्तुत आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम एवम् अनुमानित आय-व्यय विवरण (बजेट) उपर छलफल गरी निर्णय दिने।

ख. केन्द्रीय कार्य समितिको वार्षिक प्रतिवेदनमा छलफल गरी निर्णय गर्ने।

ग. गत आर्थिक बर्षको आय-व्यय विवरण तथा वासलात र लेखा परीक्षकको प्रतिवेदनमाथि छलफल गरी निर्णय दिने।

घ. लेखा परीक्षाको नियुक्ति गर्ने र नीजको पारिश्रमिक तोक्ने ।
ङ. केन्द्रीय कार्य समितिले पेश गरेको अन्य विषयमा निर्णय दिने ।

**५. केन्द्रीय साधारण सभाका अन्य काम, कर्तव्य र अधिकारहरू :**
साधारण सभालाई प्राप्त भएको उपयुक्त अधिकारहरूको अतिरिक्त देहाय बमोजिमका अधिकारहरू पनि प्राप्त हुनेछन् ।

क. केन्द्रीय कार्य समितिलाई उपयुक्त सुझाव र नीति निर्देशन दिने ।
ख. केन्द्रीय कार्य समितिका कार्यहरूको वैयक्तिक र सामूहिक रुपमा विश्लेषण र लेखाजोखा गर्ने ।
ग. केन्द्रीय कार्य समितिद्वारा प्रस्तुत प्रस्ताव उपर विचार विमर्श गरी निर्णय दिने ।
घ. केन्द्रीय कार्य समितिका कुनै पदाधिकारी वा कुनै सदस्यको विरुद्ध प्रस्तुत भएको अविश्वास प्रस्तावमा निर्णय गर्ने ।
ङ. संघको हितमा प्रतिकुल असर पर्ने कुनै काम भएमा सो सम्बन्धमा केन्द्रीय कार्य समितिसंग स्पष्टिकरण माग गर्ने ।
च. कुनै रकमको दुरुपयोग भएमा वा कुनै स्पष्ट आधार बीना एउटा शिर्षकमा विनियोजन भएको रकम अर्को प्रयोजनमा खर्च वा रकमान्तर गरेमा स्पष्टीकरण माग गर्ने ।
छ. संघले अनुमति प्रदान गरेको कुनै पर्वतारोही दल वा त्यस्तो दलको आचारको सम्बन्धमा प्रश्न उठेमा जानकारी दिन केन्द्रीय कार्य मितिलाई निर्देशन दिने र त्यसबारे उपयुक्त निर्णय दिने ।
ज. संघलाई प्रगति पथमा लैजाने र संघको कामकारवाहीमा सुधार ल्याउने योजना एवम् कार्यक्रम तर्जुमा गर्ने केन्द्रीय कार्य समितिलाई निर्देशन दिने ।

**६. विशेष साधारण सभा सम्बन्धी व्यवस्था :**
संघको विशेष साधारण सभा निम्न लिखित अवस्थामा बोलाइनेछ :

क. केन्द्रीय कार्य समितिले आवश्यकता अनुसार विशेष साधारण सभा बोलाउने निर्णय गरेमा ।
ख. संघको मताधिकार प्राप्त कूल सदस्य सङ्ख्या मध्ये एक तिहाई सदस्य सङ्ख्याले विशेष साधारण सभा बोलाउनु पर्ने कारण सहित केन्द्रीय

कार्य समिति समक्ष लिखित आवेदन गरेमा केन्द्रीय कार्य समितिले त्यस्तो आवेदन परेको ३० दिन भित्रमा ।

ग. जुन विषय सूची तोकी विशेष साधारण सभा बोलाइएको हुन्छ सो बाहेक अन्य विषयमा छलफल गर्न र निर्णय गर्न सकिने छैन ।

## परिच्छेद-५
## केन्द्रीय कार्य समिति

१६. **संघको केन्द्रीय कार्य समिति :**

#१. संघको केन्द्रीय कार्यसमितिको गठन विधि यस प्रकार हुनेछ। यस संघको निम्न लिखित बढिमा २७ सदस्यीय केन्द्रीय कार्य समिति हुनेछ।

# क. संघको केन्द्रीय कार्यसमितिको गठन निम्न बमोजिम रहने छ । अध्यक्ष १, वरिष्ठ उपाध्यक्ष १, प्रथम उपाध्यक्ष १ (आरोही वा अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त माउन्टेन गाईड हुनुपर्ने) द्वितीय उपाध्यक्ष १, महासचिव १, सचिव १, कोषाध्यक्ष १, सदस्य २ जना महिला सहित सदस्य ११ जना ।

ख. केन्द्रीय कार्य समितिका निवर्तमान केन्द्रीय अध्यक्ष-पदेन सदस्य - १

ग. संघमा दर्ता रहेको पर्वतारोही (बुक होल्डर) र पर्यटन मजदुर मध्यबाट निर्वाचित सदस्यहरू - ४

# घ. विभिन्न तहका साधारण सदस्यहरू मध्येबाट अध्यक्षद्वारा मनोनित बढिमा - ३

ङ. नेपाल सरकार, संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रतिनिधि सदस्य - १

# च. प्रदेश कार्यसमितिको अध्यक्ष वा प्रतिनिधि आमन्त्रीत पदेन केन्द्रीय कार्यसमितिको सदस्य हुन सक्नेछ ।

# छ. पाँचौं संशोधनबाट खारेज गरिएको:

घ. संस्थागत सदस्यहरू मध्येहरूबाट निर्वाचित हुने सदस्य - १

# २ (क) यस संघको स्थापनाकाल देखि कुनै पनि कार्यकालमा अध्यक्ष तथा पदाधिकारी रहेको व्यक्ति सोही पदमा निर्वाचित हुन सक्नेछैन ।
(ख) यस संशोधनबाट लागुहुने गरी कार्यसमितिमा सदस्य वा पदाधिकारीको रुपमा निर्वाचित भई निरन्तर दुई कार्यकालको अवधि पुरा गरेको व्यक्तिले लगातार तेस्रो पटक निर्वाचनमा उमेदवार बन्न सक्ने छैन ।

# ३. यस दफाको उपदफा १ को (क) बमोजिम हुने निर्वाचनमा प्रदेश अध्यक्ष र पदाधिकारीहरूले उमेदवार हुनपाउने छैन तर मतदान गर्ने अधिकार रहनेछ ।

**१७. केन्द्रीय कार्य समितिको कार्य अवधि :**

१. केन्द्रीय कार्य समितिको कार्य अवधि ३ वर्षको हुनेछ । तर, केन्द्रीय कार्य समितिले आफ्नो कार्यकाल पुरा हुनु अगावै पनि निर्वाचन गराउन सक्नेछ ।

२. केन्द्रीय कार्य समितिको पदाधिकारी वा सदस्यको पदावधि निश्चित अवधिभन्दा पहिले निम्न अवस्थामा समाप्त हुनेछ ।

क. आफ्नो पदबाट दिएको राजीनामा केन्द्रीय कार्य समितिले स्वीकृत गरेमा,

ख. मृत्यु भएमा,

ग. मनाशिब कारण नदेखाइ विनालिखित सूचना केन्द्रीय कार्य समितिको वैठकमा लगातार तीन पटकसम्म अनुपस्थित भएमा,

घ. विधानमा व्यवस्था गरिए बमोजिम सदस्यता कायम नरहेमा वा अविश्वासको प्रस्ताव पारित भएमा,

ङ. राजीनामा दिंदा अध्यक्षले उपाध्यक्षलाई र अन्य पदाधिकारी वा सदस्यहरूले अध्यक्षलाई दिनु पर्नेछ ।

**१८. केन्द्रीय कार्य समितिको काम, कर्तव्य र अधिकार :**

१. केन्द्रीय कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क. संघको सम्पूर्ण प्रवन्ध, रेखदेख तथा नियन्त्रणको जिम्मा केन्द्रीय कार्य

समितिमा रहनेछ ।

ख. संघको प्रतिनिधित्व गर्ने, संघको तर्फबाट सम्झौता, लेखापढी र संघको हितका लागि आवश्यक सबै कार्य गर्ने ।

ग. संघको उद्देश्य प्राप्तिका लागि कार्यक्रमहरूको तर्जुम ।गर्ने र त्यसको कार्यान्वयन गर्ने ।

घ. राष्ट्रिय अन्तराष्ट्रिय सभा, सम्मेलन वा सेमिनारमा प्रतिनिधिहरूको छनौट गर्ने ।

ङ. संघको केन्द्रीय साधारण सभाद्वारा पारित निर्णयहरूको कार्यान्वयन गर्ने ।

# च. संघको लागि आवश्यक कर्मचारी, प्राविधिक विशेषज्ञ परामर्शदाताको नियुक्ति गर्दा नियमावलीको अधिनमा रहि खुल्ला प्रतिष्पर्धा बाट नियुक्ति गर्ने र तिनीहरूको सेवा शर्त तोक्ने तर नियमावलीमा व्यवस्था गरिए बमोजिम करारमा कर्मचारी तथा
परामर्शदाताहरू आवश्यक परेमा कार्यसमितिले निर्णय गरी नियुक्त गर्न सक्नेछ ।

छ. संघको हितका लागि आवश्यक समितिहरू गठन गर्ने र नियम विनियमहरू बनाउने ।

ज. संघको कोष सञ्चालन गर्न, वार्षिक बजेटको तर्जुमा गर्ने ।

झ. नियमित साधारण सभा तथा अन्य बैठकहरू बोलाउने र आय व्यय तथा प्रगति प्रतिवेदन प्रस्तुत गर्ने ।

ञ. केन्द्रीय कार्य समितिमा हुन आएको असामयिक रिक्तता, जुन सदस्य समूहबाट चुनिएको हो सोही समूहबाट बाँकी समयसम्मका लागि मनोनयनद्वारा पूर्ति गर्ने ।

ट. पर्वतारोहण प्रशिक्षण केन्द्रहरू सञ्चालन गर्ने ।

ठ. संघलाई इजाजत पत्र जारी गर्ने अख्तियार भएको पर्वतहरू आरोहण गर्न इजाजत प्रदान गर्ने ।

ड. आचार संहिता अनुगमन समितिको प्रतिवेदनको आधारमा पदाधिकारी र सदस्यहरू उपर अनुशासन र आचार संहिता उल्लङ्घन सम्बन्धी कसुरमा सदस्यताबाट हटाउन सक्नेछ ।

# ढ. संघले आरोहण अनुमति-पत्र जारी गर्न पाउने चुलीहरूको चोरी चढाई नियन्त्रणका लागि संघ आफैले वा संघले अधिकार प्रत्यायोजन गरेको

व्यक्ति वा संस्थाले संघको प्रतिनिधित्व गरी चुलीहरूको स्थानीय स्तरमा चोरी चढाई गर्दै गरेको अवस्थामा सम्बन्धित आरोही व्यक्ति तथा समुह वा दललाई पक्रिन आंसिक वा पुरै रुपमा जरिवाना गर्न लगाएतका अन्य आवश्यक कारवाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

ण. संघले गर्ने काम र संघको उद्देश्यपूर्तिका लागि आवश्यक सम्पूर्ण कार्य गर्ने ।

# २. केन्द्रीय कार्य समितिको बैठक :

केन्द्रीय कार्य समितिको बैठक प्रत्येक महिनामा बस्ने छ। तर पदाधिकारीहरूको बैठक आवश्यकतानुसार बस्न सक्नेछ।

१९. क. समितिको गठन :

संघलाई बढी गतिशील र कार्यमूलक बनाई राख्न र संघका निर्दिष्ट कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गले अघि बढाउन केन्द्रीय कार्य समितिले साधारणतया: देहायका समितिहरू गठन गर्नेछ । आवश्यकता अनुसार समितिहरूलाई थपघट गरी पुनर्गठन र सम्मिश्रण एवम् संयोजन गर्न सक्नेछ। उपयुक्त समितिको अतिरिक्त आवश्यकता अनुसार खास कामको लागि केन्द्रीय कार्य समितिले अस्थायी समितिको पनि गठन गर्न सक्नेछ। यस किसिमको समितिको संयोजक वा अध्यक्ष एवम् सदस्य, संघका अन्य साधारण सदस्यहरू मध्येबाट पनि तोक्न सकिने छ।

## समितिको नाम :

१. प्रशिक्षण तथा पर्वतारोहण अभियान समिति:

समितिको कार्य क्षेत्र : पर्वतारोहण तालिम व्यवस्थापन तथा पर्वतारोहण उद्धार कार्य सम्बन्धी ऐन, नियम, प्रतिवेदन अध्ययन सुझाव आदि ।

## २. वातावरण संरक्षण समिति:

समितिको कार्य क्षेत्र : वातावरण संरक्षण सम्बन्धी गतिविधि परिचालन र समन्वय ।

३. **अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय समितिः**
समितिको कार्य क्षेत्र : पर्वतीय सङ्ग्रहालय स्थापना, निर्माण र सञ्चालन सम्बन्धी ।

४. **अन्तर्राष्ट्रिय पर्वतारोही स्मृति उद्यान समितिः**
समितिको कार्य क्षेत्र : ककनी वा आवश्यकता अनुसारको अन्य स्थानमा ज्ञात अज्ञात पर्वतारोहीहरूको स्मृतिमा उद्यान स्थापना र सञ्चालन गर्ने ।

५. **पर्वतीय उद्धार समितिः**
समितिको कार्य क्षेत्र : पर्वत, हिमाल क्षेत्रमा उद्धार कार्य सम्बन्धी ।

६. **प्रकाशन तथा प्रचार समितिः**
समितिको कार्य क्षेत्र : नियमित प्रकाशन र प्रचार प्रसार कार्यको संयोजन र समन्वय ।

७. **कल्याणकारी समितिः**
समितिको कार्य क्षेत्र : पर्वतारोहीहरूको हित र कल्याण सम्बन्धी ।

# ८. **प्रादेशिक तथा स्थानीय समितिः**
समितिको कार्य क्षेत्र : प्रादेशिक तथा स्थानीय ।

९. **प्रदेश शाखा संयोजन समितिः**
समितिको कार्य क्षेत्र : विभिन्न प्रदेश शाखाहरूको अनुगमन तथा संयोजन सम्बन्धी कार्य ।

१०. **आचार संहिता अनुगमन समितिः**
समितिको कार्य क्षेत्र : संघको सदस्यहरूको अनुशासनको परिपालना र आचार संहिताको अनुगमन गर्ने र अनुशासन उल्लङ्घन गर्ने पदाधिकारी वा सदस्यहरू उपरको उजुरी सुन्ने र सो उपर छानबिन गरी केन्द्रीय कार्य समिति समक्ष आफ्नो राय सहितको प्रतिवेदन पेश गर्ने ।

# ख. उपरोक्त समितिमा केन्द्रीय कार्यसमितिको पदाधिकारी वा सदस्य मध्येबाट संयोजक रहने गरी समिति गठन हुनेछ। उक्त समितिमा बढिमा संयोजक सहित ७ जना सदस्यहरू हुनेगरी कार्य समितिले संघको सदस्यहरूबाट मनोनयन गर्नेछ। तर प्रशिक्षण तथा पर्वतारोहण अभियान समितिको संयोजकमा संघको पर्वतारोहण प्रशिक्षकहरूबाट राख्न सकिने छ।

ग. माथि उल्लिखित समितिमा मनोनित हुन सम्बन्धित विषयमा दक्ष कुनै सदस्य संघमा रहेको नदेखिएमा सम्बन्धित विषयका अन्य कुनै दक्ष व्यक्तिलाई सदस्य वा सल्लाहकारको रुपमा केन्द्रीय कार्य समितिले मानोनित गर्न सक्नेछ।

घ. केन्द्रीय कार्य समितिको समयवधि समाप्त भएपछि उपरोक्त समितिहरूको कार्य अवधि पनि स्वत: समाप्त हुनेछ।

ङ. उक्त समितिहरूको काम, कर्तव्य र अधिकार क्षेत्र धारा ४३ बमोजिम नियम, उपनियम र विनियम तथा कार्य समितिले निर्देशन गरे बमोजिम हुनेछ।

१९ ख. **सल्लाहकार समितिको गठन :**

केन्द्रीय कार्य समितिले संघको नीति निर्माण र सुसञ्चालनमा सल्लाह प्रदान गरी योगदान गर्न सक्ने विशिष्ठ महानुभावहरू रहेको बढीमा ७ सदस्यीय सल्लाहकार समितिको गठन गर्नेछ। तर, केन्द्रीय कार्य समितिको समयावधि समाप्त भएपछि सल्लाहकार समितिको पदावधि पनि स्वत: समाप्त हुनेछ।

२०. **अध्यक्षको काम, कर्तव्य र अधिकार :**

क. अध्यक्ष संघको मुख्य प्रवक्ता हुनेछ।

ख. अध्यक्षले संघलाई नेतृत्व प्रदान गर्नेछ।

ग. अध्यक्षले संघका सबै सभा बैठकहरूको अध्यक्षता गर्नेछन् र बैठकमा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिनेछ।

राख्नेछन् तथा अध्यक्षको निर्देशनको अधीनमा रही संघको तर्फबाट आवश्यक पत्र व्यवहार गर्नेछन् ।

घ. महासचिवले संघको दैनिक कार्य सञ्चालन गर्नेछन् ।

ङ. महासचिवले केन्द्रीय कार्य समितिको तर्फबाट केन्द्रीय साधारण सभामा आवधिक वा वार्षिक प्रगति प्रतिवेदन र चालु आ.ब.को नीति तथा कार्यक्रम प्रस्तुत गर्नेछन् ।

च. महासचिवले अध्यक्षको निर्देशनको अधीनमा रही संघको सचिवालयको सुपरिवेक्षण तथा नियन्त्रण गर्नेछन् ।

छ. महासचिवले आवश्यकता अनुसार आफ्नो काम, कर्तव्य र अधिकार सचिवलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

२३. **सचिवको काम, कर्तव्य र अधिकार :**

सचिवले महासचिवको अनुपस्थितिमा महासचिवको काम र कर्तव्य बहन गर्नेछन् र महासचिवद्वारा प्रत्यायोजित अधिकार प्रयोग गर्नेछन् । महासचिवको पद रिक्त भएमा बाँकी अवधिको लागि सचिवले कार्यबाहक महासचिवको कार्यभार ग्रहण गर्नेछन् ।

२४. **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क. संघको आर्थिक कारोबार, कोष तथा लेखा सम्बन्धी सम्पूर्ण दायित्व कोषाध्यक्ष माथि हुनेछ ।

ख. कोषाध्यक्षले संघको आय व्ययको हिसाब र जिन्सीको लगत नियमित रुपमा राख्न लगाउने छ । संघको आर्थिक नियमावली बमोजिम आय व्ययको नियन्त्रण गर्नेछ ।

ग. कोषध्यक्षले संघको तर्फबाट असुल गर्नुपर्ने शुल्क तथा रकम असुल गर्न आवश्यक कारवाही गर्नेछन् ।

घ. कोषाध्यक्षले आर्थिक वर्षको आय-व्यय तथा चालु आ.ब.को लागि केन्द्रीय कार्य समितिले निर्णय गरेको कार्यक्रममा आधारित रही वार्षिक बजेट तर्जुमा गरी केन्द्रीय कार्य समितिको तर्फबाट केन्द्रीय साधारण सभामा प्रस्तुत गर्नेछन् ।

ङ. कोषाध्यक्ष १ महिनाभन्दा बढी कार्यालयमा अनुपस्थित रहनु पर्ने अवस्थामा निजको सिफारिसमा केन्द्रीय कार्य समितिले केन्द्रीय कार्य

समितिकै सदस्यहरू मध्येबाट १ जनालाई कार्यवाहक कोषाध्यक्षको रुपमा कार्य गर्न तोक्ने छ ।

२५. **केन्द्रीय कार्य समितिको उत्तरदायित्व :**

केन्द्रीय कार्य समितिका पदाधिकारी र सदस्यहरू सामूहिक र व्यक्तिगत रुपले केन्द्रीय साधारण सभाप्रति उत्तरदायी हुनेछन् ।

२६. **अविश्वासको प्रस्ताव :**

१. केन्द्रीय साधारण सभाका सदस्यहरूको कूल सङ्ख्याको एक तिहाइले सहीछाप गरेको अविश्वासको प्रस्ताव उपर विचार गर्न केन्द्रीय साधारण सभाको विशेष बैठक बोलाइयोस् भनी लिखित प्रस्ताव अध्यक्षलाई सम्बोधन गरी कार्य समिति समक्ष पेस गर्नु पर्नेछ ।

# २. अध्यक्ष उपरको अविश्वासको प्रस्ताव वरिष्ठ उपाध्यक्ष समक्ष र अन्य पदाधिकारी र केन्द्रीय कार्यसमितिको सदस्यहरू विरुद्धको अविश्वासको प्रस्ताव अध्यक्ष समक्ष पेस गर्नु पर्नेछ ।

३. अविश्वास प्रस्ताव सम्बन्धी पत्र दर्ता भएको ३० दिन भित्र विशेष साधारण सभाको बैठक बोलाउनु पर्नेछ ।

४. सम्बन्धित पदाधिकारी वा सदस्यलाई अविश्वासको प्रस्तावको प्रतिलिपि बुझाई प्रतिरक्षा गर्न दिइने छ ।

५. केन्द्रीय साधारण सभाका सदस्यहरूको कूल सङ्ख्याको कम्तीमा दुई तिहाईले अविश्वास प्रस्तावको पक्षमा निर्णय दिएमा अविश्वासको प्रस्ताव पारित भएको मानिने छ ।

६. अविश्वासको प्रस्तावमा संघको केन्द्रीय कार्य समितिका पदेन सदस्यहरूले मतदान गर्न पाउने छैनन् ।

२७. **निलम्बन :**

संघको तर्फबाट कुनै पदाधिकारी वा सदस्य उपर संघको हानी नोक्सानी गरेको सम्बन्धमा अदालतमा मुद्दा चलाइएको अवस्थामा सो मुद्दाको फैसला नभएसम्म स्वतः निलम्बन हुनेछन् ।

# परिच्छेद-६
## शाखा तथा *क्षेत्रीय कार्यालय सम्बन्धी व्यवस्था

२८ **प्रदेश कार्यालय सम्बन्धी व्यवस्था :**

**प्रदेश कार्यालयको स्थापना गरिने :**

१. संघको केन्द्रीय कार्यसमितिले निर्णय गरी संघको विधान बमोजिम दफा ८ (क), (ख) र दफा ९ मा व्यवस्था भए बमोजिमका साधारण सदस्य हुन योग्यता पुगेका सदस्यहरूबाट दफा ३४ को उपदफा १ बमोजिमको निर्वाचित प्रदेश कार्यसमिति रहेको कार्यालय स्थापना गर्न सकिनेछ ।

# २. विभिन्न हिमचुली वा प्रसिद्ध हिम नदीहरूको नामलाई आधार मानी स्थानीय समितिहरू प्रदेश समितिको मातहतमा गठन गर्न सकिने छ ।

३. कुनै पनि व्यक्तिले दोहोरो सदस्यता प्राप्त गर्न सक्ने छैन ।

४. उपर्युक्त आवेदन उपर छानबीन गरी स्वीकृत गरी मान्यता प्रदान गर्ने वा नगर्ने अन्तिम निर्णय गर्ने अधिकार संघको केन्द्रीय कार्यसमितिमा अन्तर्निहित हुनेछ ।

# ५. संघको विधान सम्बन्धित प्रदेश र स्थानीय सरकारहरूको नियम कानुन अनुसार कार्य गरिनेछ ।

# ६. स्थानीय शाखाहरूको बार्षिक कार्यक्रमको नियमन गर्ने अधिकार र कर्तव्य नेपाल पर्वतारोहण प्रदेश कार्यसमितिलाई हुनेछ र प्रदेशको वार्षिक कार्यक्रमको नियमन गर्ने अधिकार र कर्तव्य नेपाल पर्वतारोहण संघ केन्द्रलाई हुनेछ ।

# ७. नेपाल पर्वतारोहण संघ केन्द्रबाट कानुनी व्यवस्था अनुसार पर्वतारोहण शुल्कको रुपमा संकलित रकम मध्ये प्रदेश सरकारहरू र स्थानीय सरकारहरूलाई हस्तान्तरण गर्न पर्ने व्यवस्था भएकोले प्रदेश र स्थानीय शाखाहरूले आ-आफ्नो सम्बन्धित स्थानीय निकाय र प्रदेश सरकारमा विधानको उद्देश्य अनुसारको क्रियाकलाप गर्न प्रस्ताव पेश गरी रकम माग गर्न सक्ने छन् ।

२८. **क. क्षेत्रीय कार्यालयको स्थापना गर्न सकिने :**

१. देशको भौगोलिक संरचनाका आधारमा संघले आवश्यकता अनुसार

प्रदेश कार्यालयको स्थापना गर्न सकिनेछ ।

२. यसरी खोलिएको कार्यालयको सञ्चालन, परिचालन तथा स्रोत व्यवस्थापनको बारेमा संघको केन्द्रीय कार्य समितिले तोके बमोजिम हुनेछ ।

२९. **शाखाको मान्यताको लागि गर्नुपर्ने कर्तव्यहरू :**

क. संघका प्रत्येक प्रदेशले आफूलाई सक्रिय राख्नु पर्नेछ र प्रत्येक वर्षमा आफ्नो वार्षिक कार्य योजना बनाउनु पर्नेछ ।

ख. प्रदेश निष्क्रय रहेमा केन्द्रीय कार्य समितिले त्यस्तो प्रदेशको मान्यता रद्द गर्न सक्नेछ ।

ग. प्रत्येक प्रदेशले प्रत्येक वर्ष सदस्यहरूबाट असुल भएको साधारण सदस्यता रकम मध्येबाट २५% रकम माघ महिनाको १५ गते भित्र केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।

घ. प्रदेशले प्रत्येक वर्षको वार्षिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन केन्द्रमा पेस गर्नु पर्नेछ ।

३०. **केन्द्रका साधारण एवम् आजीवन सदस्यहरूले शाखामा सदस्यता स्थानान्तरण गर्न सक्ने :**

संघलाई महासंघीय संरचनामा विकसित गर्ने भएकाले केन्द्रबाट सदस्यता प्राप्त गरेका व्यक्तिहरूले आफू चाहेका प्रदेशमा स्थानान्तरित हुन सक्नेछन् यसरी स्थानान्तरित भई आएका साधारण एवम् आजीवन सदस्यहरूलाई सम्बन्धित प्रदेशले आफूभित्र समाहित गर्नु पर्नेछ । यसरी प्रदेशमा समाहित भएको सदस्यको केन्द्रमा रहेको सदस्यताको अभिलेख स्वतः कट्टा हुनेछ ।

३१. **प्रदेशको साधारण सभा :**

साधारण सदस्य र आजीवन सदस्य समेत रहेको साधारण सभा प्रदेशको सर्वोच्च अङ्ग हुनेछ । साधारण सभाको निर्णय अन्तिम हुनेछ । प्रदेशको वार्षिक साधारण सभा प्रत्येक वर्ष श्रावण महिनामा बस्नेछ ।

३२. **वार्षिक साधारण सभाको अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछ :**

क. कार्य समितिद्वारा प्रस्तुत आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम

एवम् अनुमानित आय व्यय (बजेट) उपर छलफल गरी निर्णय गर्ने ।
ख. कार्य समितिको वार्षिक प्रतिवेदनमा छलफल गरी निर्णय गर्ने ।
ग. गत आर्थिक वर्षको आय-व्यय विवरण र लेखा परीक्षकको प्रतिवेदनमाथि छलफल गरी निर्णय गर्ने ।
घ. लेखा परीक्षकको नियुक्ति गर्ने र निजको परिश्रमिक तोक्ने ।
ङ. कार्य समितिले पेस गरेको आय-व्यय विषयमा निर्णय गर्ने ।
च. कार्य समितिलाई उपर्युक्त सुझाव र नीति निर्देशन गर्ने ।
छ. विधान बमोजिम अन्य आवश्यक कार्यहरू गर्ने ।

**३३. प्रदेशको विशेष साधारण सभा :**

१. प्रदेशको विशेष साधारण सभा निम्न लिखित अवस्थामा बोलाइनेछ :
क. प्रदेशको कार्य समितिले आवश्यकता अनुसार विशेष साधारण सभा बोलाउने निर्णय गरेमा,
ख. प्रदेशको मताधिकार प्राप्त कूल सदस्य सङ्ख्याको एक तिहाइ सदस्यले विशेष साधारण सभा बोलाउनु पर्ने कारण सहित कार्य समिति समक्ष लिखित आवेदन गरेमा कार्य समितिले त्यस्तो आवेदन परेको ३० दिन भित्रमा ।
ग. जुन विशेष सूची लेखी विशेष साधारण सभा बोलाइएको हुन्छ, सो बाहेक अन्य विषयमा छलफल गर्न र निर्णय गर्न सकिने छैन ।

**३४. प्रदेशको कार्य समितिको गठन :**

१. प्रदेशको साधारण सदस्य र आजीवन सदस्यहरूले आफू मध्येबाट निर्वाचित गरी अध्यक्ष-१, उपाध्यक्ष-१,सचिव-१, कोषाध्यक्ष -१, सहित बढिमा १५ जनाको प्रदेश कार्यसमितिको गठन गर्न सक्नेछन् । सदस्य संख्याको निर्धारण गर्ने काम सम्बन्धीत प्रदेशकै साधारण सभाबाट हुनेछ ।

**३५. शाखाको पदाधिकारीको काम, कर्तव्य र अधिकार यस प्रकार हुनेछ :**

१. अध्यक्ष
क. प्रदेशका अध्यक्ष सम्बन्धित शाखाको मुख्य प्रवक्ता हुनेछन् ।
ख. अध्यक्षले शाखालाई नेतृत्व प्रदान गर्नेछन् ।
ग. अध्यक्षले प्रदेशका सबै सभा बैठकहरूको अध्यक्षता गर्नेछन् र बैठकमा

मतदान हुँदा मत बराबर भएमा निर्णयक मत दिनेछन् ।

घ. अध्यक्षले प्रदेशका साधारण सभा र प्रदेशका कार्य समितिका निर्णयहरू कार्यान्वयन गर्ने गराउने छन् ।

ङ. अध्यक्षले प्रदेशका कार्य समिति वा शाखाका अन्य बैठकहरू बोलाउन सचिवलाई निर्देशन दिनेछन् ।

च. अध्यक्षले समय समयमा आवश्यकता अनुसार आफ्नो अधिकार उपाध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

२. उपाध्यक्ष

क. उपाध्यक्षले अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्यभार सम्हाल्नेछन् ।

ख. अध्यक्षको पद कुनै कारणवश रिक्त भएमा वा अध्यक्षले आफ्नो कार्यभार सम्हाल्न नसकेमा बाँकी अवधिभरको लागि उपाध्यक्ष स्वतः कार्यबाहक अध्यक्ष हुनेछन् ।

३. सचिव

क. शाखाको सचिवले अध्यक्षको निर्देशनमा बैठक वा अन्य सभा बोलाउने छन् ।

ख. सचिवले अध्यक्षको सामान्य रेखदेखमा शाखाको कार्य समितिका निर्णयहरू कार्यान्वित गर्नेछन् ।

ग. सचिवले सबै बैठकहरूद्वारा पारित र निर्णय प्रस्तावहरूको अभिलेख राख्नेछन् तथा शाखाको तर्फबाट आवश्यक पत्र व्यवहार गर्नेछन् ।

घ. सचिवले शाखाको दैनिक कार्य सञ्चालन गर्नेछन् ।

ङ. सचिवले शाखाको कार्य समितिको तर्फबाट शाखाको साधारण सभामा आवधिक वा वार्षिक प्रगति प्रतिवेदन र चालू आ.व.को नीति तथा कार्यक्रम प्रस्तुत गर्नेछन् ।

च. सचिवले शाखाको सचिवालयको सुपरिवेक्षण तथा नियन्त्रण गर्नेछन् ।

४. कोषाध्यक्ष

क. शाखाको आर्थिक कारोबार, कोष तथा लेखा सम्बन्धी सम्पूर्ण दायित्व कोषाध्यक्ष माथि हुनेछ ।

ख. कोषाध्यक्षले शाखाको आय व्ययको हिसाब र जिन्सीको लगत नियमित रुपमा राख्न लगाउने छन् । संघको आर्थिक नियमावली बमोजिम शाखाको आय व्ययको नियन्त्रण गर्नेछन् ।

ग. कोषाध्यक्षले संघको तर्फबाट असुल गर्नुपर्ने शुल्क तथा रकम असुल गर्न आवश्यक कारवाही गर्नेछन् ।

घ. कोषाध्यक्षले शाखाको लागि आर्थिक बर्षको आय-व्यय तथा चालु आ.व.को लागि कार्य समितिले निर्णय गरेको कार्यक्रममा आधारित रही वार्षिक बजेट तर्जुमा गरी शाखाको कार्य समितिको तर्फबाट शाखाको साधारण सभामा प्रस्तुत गर्ने छन् ।

३६. **शाखाको कोषः**

#१. प्रत्येक प्रदेश र स्थानीय शाखाहरूको आ-आफ्नै छुट्टै कोष हुनेछ । सम्पूर्ण आम्दानी दाखिला गर्ने र सोही कोषबाट खर्च गर्ने व्यवस्था हुनेछ ।

२. शाखाको कोषमा देहायका रकमहरू आम्दानीमा बाँधिने छन् ।

क. शाखालाई सरकारी तथा गैरसरकारी निकायहरू, व्यक्ति वा संस्थाहरूबाट प्राप्त हुने दान, उपदान, उपहार र सहायता ।

ख. शाखाले प्रत्येक वर्ष सदस्यहरूबाट असुल भएको साधारण सदस्यता शुल्क मध्येबाट प्राप्त ७५ प्रतिशत रकम र सदस्यता प्रवेश शुल्क सबै ।

ग. शाखाले आर्जन गरेको सम्पत्ति ।

घ. अन्य रकम ।

३. कोषको रकम बैंकमा खाता खोली जम्मा गरिनेछ, जसको सञ्चालन शाखाका अध्यक्ष वा सचिव मध्ये एक र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट हुनेछ । कोषाध्यक्षको अनुपस्थितिमा शाखाको कार्य समितिले तोकेको शाखाको पदाधिकारी वा सदस्यको हस्ताक्षरबाट खाता सञ्चालन गरिनेछ ।

४. शाखाले अन्तर्राष्ट्रिय सहयोग लिन केन्द्रीय कार्य समितिसँग पूर्व सहमति लिई मात्र लिन सक्नेछ ।

५. शाखाको कोष व्यवस्था सम्बन्धमा आवश्यकता अनुसार केन्द्रीय कार्य समितिले छानविन, अनुगमन तथा निर्देशन समेत गर्न सक्नेछ सो निर्देशनको पालन गर्नु शाखाको कार्य समितिको कर्तव्य हुनेछ ।

#६. प्रत्येक आर्थिक वर्ष सकिएको ३ (तीन) महिना भित्र प्रदेश तथा स्थानीय शाखाहरूले आफ्नो कुल सदस्यता शुल्कको २५% रकम नेपाल पर्वतारोहण संघको केन्द्रीय कार्यालयमा अनिवार्य दाखिला गनुपर्ने छ।

३७. **लेखा परीक्षण :**

१. प्रदेशको साधारण सभाले नियुक्त गरेको दर्तावाल लेखा परीक्षकद्वारा प्रदेशको हिसाब किताबको जाँच गरिनेछ।

२. प्रदेशको आय व्ययको प्रतिवेदन कोषाध्यक्ष मार्फत् शाखाको वार्षिक साधारण सभामा प्रस्तुत गरिनेछ।

३८. **अविश्वास प्रस्ताव सम्बन्धी व्यवस्था :**

शाखाका पदाधिकारी र सदस्य उपर गरिने अविश्वासको प्रस्ताव सम्बन्धी कुराहरूको हकमा धारा २६ अनुरुप कै कार्यविधि अनुसरण गरिनेछ र अविश्वास प्रस्ताव उपरको निर्णय शाखाकै विशेष साधारण सभाबाट हुनेछ।

३९. **शाखाको कार्य समितिको कार्यकाल :**

शाखाको कार्य समितिको कार्यकाल ३ वर्षको हुनेछ। तर, कार्य समितिले आफ्नो कार्यकाल पूरा हुनु अगावै पनि निर्वाचन गराउन सक्नेछ।

# परिच्छेद -७
# केन्द्रीय कोष

४०. **केन्द्रीय कोषः**

१ संघको आफ्नो छुट्टै केन्द्रीय कोष रहनेछ ।

२ संघको केन्द्रीय कोषमा देहायको रकमहरू आम्दानी बाँधिने छ ।

क. संघलाई नेपाल सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय निकायहरू व्यक्ति वा संस्थाबाट प्राप्त हुने दान, उपदान, उपहार र आर्थिक सहायता ।

ख. संङ्घको प्रवेश शुल्क तथा बार्षिक सदस्यता शुल्क र पेसेवर कामदारहरूबाट दर्ता तथा नवीकरण शुल्क र अन्य शुल्क ।

ग. संघले लगानी गरेको सम्पत्ती ।

घ. संघले लगानी गरेको र बढे बढाएको पुँजी ।

ङ. संघले विदेशी पर्वतारोहीलाई हिमचुली आरोहण गर्न आरोहण अनुमति दिए बापत तथा संयुक्त आरोहणको लागि सिफारिस गरे बापतको शुल्क ।

च. शाखाबाट प्राप्त हुने रकम

छ. अन्य विविध रकम

३. केन्द्रीय कोषको रकम बैंकमा खाता खोली जम्मा गरिनेछ, जसको सञ्चालन अध्यक्ष वा महासचिव मध्ये एक र कोषाध्यको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

४१. **लेखा परीक्षण :**

#१. केन्द्रीय साधारण सभाले नियूक्ति गरेको दर्तावाला लेखा परीक्षकबाट संघको हिसाब किताबको लेखा परीक्षण गरिने छ ।

२. वासलात तथा आय-व्ययको प्रतिवेदन कोषाध्यक्ष मार्फत् बार्षिक साधारण सभामा प्रस्तुत गरिनेछ ।

# परिच्छेद – ८
# निर्वाचन

४२. **निर्वाचन सम्बन्धी व्यवस्था :**

१. केन्द्रीय कार्य समितीका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन परिच्छेद – ५ को धारा १६ (१) मा उल्लेख भए बमोजिम हुनेछ ।

२. शाखाको कार्य समितिको निर्वाचन धारा ३४ बमोजिम हुनेछ ।

३. निर्वाचन गराउन कार्य समितिले एक जना निर्वाचना अधिकृत वा बढिमा तीन सदस्यीय निर्वाचन आयोग गठन गर्न सक्नेछ ।

४. निर्वाचन सम्बन्धी छुट्टै नियमावली हुनेछ, जस अन्तर्गत निर्वाचन गराइनेछ । तर, नियमावली नबनी निर्वाचन हुने परिस्थितिममा भने निर्वाचन अधिकृत वा निर्वाचन आयोगले यस विधानको अधिनमा रही तोकेको कार्यविधि बमोजिम निर्वाचन हुनेछ ।

# ५. निर्वाचन सम्पन्न भई घोषणा भए पछि निर्वाचन अधिकृतले निर्वाचित पदाधिकारी तथा कार्यसमिति सदस्यहरूलाई प्रमाण-पत्र हस्तान्तरण गर्नुपर्नेछ साथै निर्वाचन सम्पन्न भई घोषणा भएको मितिले पन्ध्रदिन भित्रमा नवनिर्वाचित कार्यसमितिलाई कार्यभार हस्तान्तरण गर्नुपर्नेछ र सो हस्तान्तरण समारोहमा निर्वाचन अधिकृतले नवनिर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूलाई सपथग्रहण गराउन पर्नेछ ।

# परिच्छेद-९
# संघको केन्द्रीय सचिवालय

४३. संघको केन्द्रीय सचिवालयको गठनः

१. संघको दैनिक कामकारवाही संचालन तथा रेखदेखको लागि संघको केन्द्रीय सचिवालय रहनेछ ।

२. केन्द्रीय सचिवालयमा संघको अध्यक्षको निर्देशनको अधिनमा रही देहायका व्यक्तिहरू रहनेछन्-

क. महासचिव

ख. सचिव

ग. कोषाध्यक्ष

घ. अध्यक्षले केन्द्रीय कार्य समितिका सदस्यहरू मध्येबाट मनोनित गरेका ४ जना ।

३. केन्द्रीय सचिवालयका संचालन अध्यक्षको निर्देशनमा महासचिवले गर्नेछन् ।

४. केन्द्रीय सचिवालयले देहायका कामहरू सम्पन्न गर्नेछ

क. केन्द्रीय कार्य समितिले सम्पेका काम र उत्तरदायित्व ।

ख. केन्द्रीय साधारण सभा र केन्द्रीय कार्य समितिको निर्णय तदारुकताका साथ कार्यान्वयन गर्ने ।

ग. संघका लिखतहरूको अभिलेख राख्ने ।

घ. विधान अनुरुप संघको भावी योजना, कार्यक्रम र नीतिको तर्जुमा गरी केन्द्रीय कार्य समितिमा पेश गर्ने ।

ङ. संघको गतिविधिबारे केन्द्रीय कार्य समितिलाई जानकारी गराउने ।

च. संघको दैनिक र भैपरी आउने काम गर्ने ।

५. संघको केन्द्रीय सचिवालयको कुशल सचिवालयको कुशल सञ्चालन गर्नका लागि केन्द्रीय कार्य समितिले आवश्यक कर्मचारीको नियुक्ति गर्नेछ ।

६. केन्द्रीय सचिवालय केन्द्रीय कार्य समितिप्रति उत्तरदायी हुनेछ ।

# परिच्छेद – १०
# विधान संशोधन

४४. **विधान संशोधन :**
यस विधानको आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ ।

४५. **संशोधन विधि :**

\# १. केन्द्रीय साधारण सभाको एक तिहाइ सदस्यहरूले वा केन्द्रीय कार्य समितिले लिखित रुपमा नियमित वार्षिक साधारण सभामा वा विशेष साधारणसभामा विधान संशोधन प्रस्ताव ल्याउन सक्नेछ । यसरी प्रस्तुत गरिने विधान संशोधन प्रस्ताव १५ दिन अगावै सदस्यहरूलाई लिखित जानकारी गर्नु पर्नेछ ।

\# २. उपदफा १ बमोजिम पेश भ एको विधान संशोधन प्रस्ताव साधारणसभा वा विशेष साधारणसभामा उपस्थित कुल सदस्य संख्याको दुई तिहाई बहुमतले पारित गरी स्थानीय अधिकारी समक्ष स्वीकृतिको लागि पेश भई स्वीकृत भए पश्चात मात्र संशोधन भएको मानिनेछ । तर विधान संशोधनको लागि बोलाईएको साधारणसभा वा विशेष साधारण सभामाको हकमा दफा ४९ अनुसारको गणपुरक संख्या हुनु पर्नेछ ।

# परिच्छेद - ११
# विविध

४६. **आर्थिक बर्ष :**
संघको आर्थिक वर्ष प्रत्येक वि.सं. को श्रावण १ गतेदेखि सुरु भई अर्को सालको आषाढ मसान्तमा समाप्त हुनेछ ।

४७. **नियम र विनिमय बनाउने अधिकार :**

१. केन्द्रीय कार्य समितिले प्रचलित कानुन र संघको विधानको अधीनमा रही संघको उदेश्यपूर्ति गर्न आवश्यक नियम, विनिमय बनाउन सक्नेछ ।

२. उपधारा १ को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी बिषेश गरी संघको कार्य समितिले देहायका विषयमा नियम विनियम बनाउन सक्नेछ,

क. संघको कार्य सञ्चालन सम्बन्धी विषयमा ।
ख. धारा १९ (क) र धारा १९ (ख) बमोजिम गठित समितिहरूको कार्य सञ्चालन सम्बन्धी विषयमा ।
ग. संघको आर्थिक तथा प्रशासन सम्बन्धी विषयमा ।
ङ. संघको साधारण सभा र समितिको बैठक सञ्चालन सम्बन्धी बिषयमा ।
च. संघको अन्य आवश्यक ठानेको बिषयमा ।

३. उपधारा १ र २ बमोजिम समितिले विनियम बनाएको लगत्तै बस्ने केन्द्रीय साधारण सभामा जानकारीका लागि पेस गरिनेछ, नगराईएमा उक्त विनियम स्वत : खारेज भएको मानिनेछ ।

४८. **सूचना :**

१. संघका केन्द्रीय वा शाखाको साधारण सभाको सूचना १५ दिन अगावै र विशेष साधारण सभाको सूचना १० दिन अगावै सभा हुने स्थान मिति, समय र छलफल गर्ने विषय खोली सदस्यहरूलाई उनिहरूले दर्ता गरेको ठेगानामा दिनु पर्नेछ र आवश्यक परेमा सो सुचना सार्वजनिक प्रचार माध्यमबाट पनि गरिनेछ । यसरी प्रसारित सुचनालाई संघको प्रमाणित सुचना मानिनेछ ।

२. केन्द्रीय वा शाखाको कार्य समितिको बैठकको सूचना सामान्यतया ७ दिन अगाडि दिनु पर्नेछ तर, अत्यावश्यक बैठकको सूचना गर्दा भने यो नियम लागू हुने छैन ।

४९. **गणपूरक सङ्ख्या :**

१. संघको वार्षिक साधारण सभाको गणपूरक संख्याको लागि मताधिकार प्राप्त कूल सदस्य संख्याको २५ प्रतिशत सदस्यको उपस्थिति अनिवार्य हुनेछ । तर, उक्त संख्याका सदस्य उपस्थित नभएको कारण सभा हुन नसकेमा ७ दिनको अर्को सूचना प्रेषित गरी बसेको सभामा जतिसुकै सदस्य उपस्थित भए तापनि गणपूरक संख्या पुगेको मानिनेछ ।

२. विशेष साधारण सभाको हकमा गणपूरक संख्याको मताधिकार प्राप्त कूल सदस्य संख्याको दुई तिहाई सदस्यको उपस्थिति हुनु पर्नेछ । तर, गणपूरक संख्या पुग्न नसकी विशेष साधारण सभा हुन नसकेमा दोस्रो पटक ७ दिनको सूचना दिई बोलाइएको विशेष साधारण सभामा भने बहुमत सदस्यको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ तर, दोस्रो पटक बोलाइएको विशेष साधारण सभा पनि गणपूरक संख्या नपुगी बस्न सकेन भने ३ दिनको सूचना दिई पुनः तेस्रोपटक बोलाइएको गणपूरक संख्या पुगेको मानिनेछ ।

३. संघको कार्य समितिको गणपूरक संख्याको लागि कार्य समितिको कूल सदस्य संख्याको न्यूनतम् ४० प्रतिशत सदस्यको उपस्थिति हुनु पर्नेछ ।

५०. **संघको निर्णय :**

१. यस विधानमा अन्यथा लेखिए बाहेक बहुमतको निर्णय संघका निर्णय मानिनेछ ।

२. संघको निर्णय अभिलेख गर्न माइन्यूट बुक (कार्यवृत्त पुस्तिका) राखिनेछ ।

५१. **व्याख्या गर्ने अधिकार :**

यस विधानको व्याख्या गर्ने अधिकार केन्द्रीय कार्य समितिमा निहित रहनेछ । तर, केन्द्रीय साधारण सभाको बैठक भैरहेको समयमा विधानको व्याख्या

सम्बन्धी कुनै प्रश्न उत्पन्न भएमा भने केन्द्रीय साधारण सभाले गरेको व्याख्या अन्तिम हुनेछ ।

५२. **बाधा अड्काउ फुकाउने अधिकार :**
यो विधानको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा केन्द्रीय साधारण सभा बसेको समयमा सो सभाले र सो सभा नबसेको बेलामा भने केन्द्रीय कार्य समितिलाई बाधा अड्काउ फुकाउने अधिकार हुनेछ ।

५३. **संघको प्रतीक चिन्ह :**
संघको प्रतीक चिन्ह (लोगो) अनुसूची - ४ र ५ मा उल्लेख भए बमोजिम हुनेछ । तर संघको पदाधिकारी र सदस्यले प्रतीक चिन्हको प्रयोग आफ्नो व्यावसायिक प्रवर्द्धनको लागि प्रयोग गर्न पाउने छैन ।

५४. **खारेजी र बचाउ:**
१. यो विधान लागू हुनुभन्दा अघि तत्कालीन विधान बमोजिम गठन भएको संघ र यसको साधारण सभा एवम् कार्य समिति यसै संशोधित विधान अनुसार गठन भएको मानिनेछ ।

५५. **संस्थाको विघटन :**
संघको विधान बमोजिम कार्य संचालन हुन नसकी वा अन्य कुनै कारणवश संघ विघटन भएमा संघको सम्पूर्ण जायजेथा नेपाल सरकारको स्वामित्वमा जानेछ ।

५६. **निष्क्रियता:**
यस विधानमा लेखिएका कुरा प्रचलित ऐन कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्क्रिय हुनेछ ।

# अनुसूची - १

## सदस्यताको लागि दिईने आवेदन-पत्र

श्रीमान् अध्यक्षज्यू,

.................................................................

नेपाल पर्वतारोहण संघ ।

म/हामी पर्वतारोहण सम्बन्धी विषयमा अभिरुची राख्ने हुँदा संघको विधान अनुसार सदस्यता प्राप्त गर्न आवेदन गरेको छु /छौं । संघको विधान अनुसार लाग्ने शुल्कहरू बुझाउने छु /छौं । संघको हाल लागु भएको वा पछि लागु हुने विधान वा नियमको पालना गर्ने छु /छौं ।

आवेदक

नाम :

पेशा :

ठेगाना :

टेलिफोन/मोबाईल :

ईमेल :

हस्ताक्षर :

मिति :

(श्रोत सदस्य वा संस्थागत सदस्यताका लागि दिइएको आवेदनमा त्यस्तो सदस्यको प्रतिनिधित्व गर्ने व्यक्तिको नाम र ठेगाना खुलाउनु पर्नेछ ।)

सदस्यताका लागि प्रस्ताव गर्ने संघका साधारण १ जना सदस्यको

नाम :

सदस्यता क्र.सं. :

हस्ताक्षर :

सदस्यताका लागि भएको प्रस्तावको समर्थन गर्ने संघका साधारण सदस्य २ जनाको

१. नाम :
सदस्यता क्र.सं. :
हस्ताक्षर :

२. नाम :
सदस्यता क्र.सं. :
हस्ताक्षर :

# साधारण सदस्यको परिचय

१. साधारण सदस्यता नं. :-

२. व्यक्तिगत विवरण :
नामः
पेशाः
शैक्षिक योग्यता :
अनुभव :

३. सम्पर्क ठेगाना :
अफिसको नाम र ठेगाना :
घरको ठेगाना :
इमेलः
पोष्ट बक्स नं. :
मोबाईल नं. :
घरको फोन नं. :
अफिसको फोन नं. :

४. विशेष रुचि (कुनै दुईमा ✓चिन्ह लगाउनु होला)

| | |
|---|---|
| पर्वतीय संग्रहालय | पर्वतारोही स्मृति उद्यान |
| आरोहण तालिम | उद्धार |
| कल्याणकारी | बातावरण |
| प्रकाशन | अनुशासन |
| प्रदेश संयोजन | आचार संहिता अनुगमन |

अन्य भए उल्लेख गर्ने :

५. सदस्यको हस्ताक्षर :

# अनुसूची - २

## सदस्यताको प्रमाण-पत्र

प्रमाण पत्र संख्या :

तस्वीर

फोटो

## नेपाल पर्वतारोहण संघ

### स्थापित २०३०

नेपाल पर्वतारोहण संघको विधान बमोजिम

श्री ...............................................................................................................

लाई संघको साधारण स्रोत/संस्थागत/आजीवन/ मानार्थ सदस्यता दिने निर्णय भएकोले यो प्रमाण-पत्र प्रदान गरिएको छ।

| | | |
|---|---|---|
| अध्यक्ष | संघको छाप | महासचिव |

# अनुसूची - ३

## (प्रदेशको हकमा लागु हुने)
## सदस्यताको प्रमाण-पत्र

प्रमाण-पत्र संख्या :

फोटो

## नेपाल पर्वतारोहण संघ

..................प्रदेश

स्थापित २०__

नेपाल पर्वतारोहण संघको विधान बमोजिम

श्री ................................................................................................ लाई संघको साधारण स्रोत/संस्थागत/आजीवन/मानार्थ सदस्यता दिने निर्णय भएकोले यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

अध्यक्ष छाप सचिव

# अनुसूची -४

## नेपाल पर्वतारोहण संघको प्रतीक चिन्ह (लोगो)

नेपाल पर्वतारोहण संघको सेतो पृष्ठभूमिमा त्रिकोणभित्र एकातिर नेपालको राष्ट्रिय झण्डा र अर्कोतिर निलो त्रिकोण रहेको र तलतिर अंग्रेजीमा NMA लेखिएको प्रतिकात्मक चिन्ह (लोगो) हुनेछ ।

## अनुसूची -५

## नेपाल पर्वतारोहण संघ अन्तर्गत प्रदेश र प्रदेश अन्तर्गतका शाखा कार्यालयको प्रतीक चिन्ह (लोगो)

नेपाल पर्वतारोहण संघको सेतो पृष्ठभूमिमा त्रिकोणभित्र एकातिर नेपालको राष्ट्रिय झण्डा र अर्कोतिर निलो त्रिकोण रहेको र तलतिर अंग्रेजीमा NMA लेखी सो अक्षरभन्दा मुनि सम्बन्धित प्रदेशको प्रतिकात्मक चिन्ह (लोगो) हुनेछ ।

* मिति २०६९।११।१९ मा बसेको विशेष साधारण सभाबाट संशोधन/परिमार्जन/खारेज/थप गरिएको ।

***# मिति २०७६/५/४ मा बसेको विशेष साधारण सभाबाट संशोधन/परिमार्जन/खारेज/थप गरिएको ।***

## विधान सम्यौदा समिति विवरण

| क.स. | नाम | पद |
|---|---|---|
| १ | श्री मन्नवीर लामा | संयोजक |
| २ | श्री निमा नुरु शेर्पा | सह-संयोजक |
| ३ | श्री कुल बहादुर गुरुङ | सदस्य |
| ४ | श्री टिकाराम गुरुङ | सदस्य |
| ५ | श्री सुदर्शन न्यौपाने | सदस्य |
| ६ | श्री तिलक लामा | सदस्य |
| ७ | श्री चन्द्र प्रसाद रिजाल | सदस्य |
| ८ | श्री देवेन्द्र वाग्ले | सदस्य |
| ९ | श्री नवराज पाण्डे | सदस्य |
| १० | श्री पदम कुमार दुलाल | सदस्य |
| ११ | प्रतिनिधि | पर्यटन विभाग, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| १२ | श्री घनेन्द्र श्रेष्ठ | कानुनी सल्लाहाकार |